# पालुङटार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

**सेनिटरी प्याड खरिद संबन्धी शीलबन्दी बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति: २०७७।०२।०४

यस कार्यालय अर्न्तगतका सामुदायीक विद्यालयमा अध्ययनरत किशोरी अवस्थाका छात्राहरुलाई महिनावारीका समयमा निःशुल्क वितरण गर्न सेनिटरी प्याडहरु सिलबन्दी बोलपत्रद्वारा खरिद गर्नु पर्ने भएकोले इच्छुक फर्म/कम्पनीले चालु आ.ब.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, ब्यबसाय प्रमाणपत्र, तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७५/७६ को कर चुक्ता प्रमाणपत्र समेतका प्रमाणित प्रतिलिपी संलग्न गरि बोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ ।

१ बोलपत्र फारम रु. ३०००। अक्षरेपी रु. तिन हजार मात्र (पछि फिर्ता नहुने गरी) यस नगरपालिकाको राजश्व शाखामा तिरी वा कृषि विकाश बैक पालुङटार शाखामा रहेको यस कार्यालयको संचित कोष खाता नं.०३१७७००९५९५३१०१० मा रकम जम्मा गरेको सक्कल भौचर सहित मिति २०७७।०२।०४ देखि मिति २०७७।०३।०३ गतेभित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२ मिति २०७७/०३।०३ गते दिनको १२:०० बजे भित्र आफैंले खरिद गरेको बोलपत्र रीतपूर्वक भरी सिलबन्दी गरी यस कार्यालयमा दर्ता गराइ सक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा कार्यालय खुलेको दिन र सो को भोलिपल्ट क्रमश खरिद र दाखिला गर्ने मिति कायम हूनेछ।

३. बोलपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्कै नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

४. बोलपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम दाखिला गरेको सक्कलै भौचर यस नगरपालिकाको कार्यालय नाममा रहेको कृषि बिकाश बैंकको धरौटी खाता नं.०७१७७००९५९५३२०१७ मा जम्मा गरेको सक्कलै भौचर वा ""क" बर्गको बैकबाट जारी भएको र बोलपत्र खुल्ने मितिबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ । विदेशी बैंकको Bank Guarantee भएमा नेपाली बैंकबाट Endorse भएको हुनु पर्नेछ ।

५. बोलपत्रदाताले बोलपत्रको आइटम वाइज बिडिङ गर्नु पर्नेछ । संझौता हुदाँ सेनिटरी प्याडको परिमाणमा थपघट हुन सक्नेछ । साथै बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६.वोलपत्र साथ आपूर्ति गर्ने सेनिटरी प्याडहरुको गुणस्तर सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसुचि १ वमोजिम हुनुपर्नेछ ।

७. कार्यालय हातासम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्र दाताले नै ब्यहोर्नु पर्नेछ ।

८. आपूर्ति हुने सेनिटरी प्याडको Expiry Date स्टोर दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ । तर कुनै सेनिटरी प्याडको Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ ।

९. सप्लाई हुने सेनिटरी प्याडको प्रत्येक प्याकिङमा प्याकिङको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नम्बर **र नेपाल सरकार द्वारा निःशुल्क बितरणको लागि** भन्ने बाक्याँश उल्लेख भएको हुनुपर्नेछ ।

१०. सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार बोलपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नवाझिएको र ब्यबसाय संबन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

११. बिदेशी सेनिटरी प्याडको हकमा सम्वन्धीत बिभागको पैठारी सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ ।

१२. बोलपत्रदाताले उपलब्ध गराउने सेनिटरी प्याड स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित बोलपत्र प्रयोजनको लागि जारी गरेको सक्कल अधिकार पत्र (Authorization letter) र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै अधिकार पत्र पेश गर्नुपर्नेछ ।

१३. एक आपसमा मिलेमतोगरी बोलपत्र दाखिला गरेको पाईएमा त्यस्तो बोलपत्र स्विकृत गरीने छैन ।

१४. बोलपत्र फारममा रकम उल्लेख गर्दा आइटमवाइज रुपमा अंक र अक्षर दुबैमा स्पष्ट रुपमा दर उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ ।

१५. बोलपत्रको प्रत्येक पानामा बोलपत्रदाताको आधिकारिक ब्यक्तिको सही र छाप अनिबार्य रुपमा लागेकोहुनु पर्नेछ । साथै बोलपत्रदाताले पेश गर्ने संपूर्ण प्रमाणपत्रहरु नविकरण भएकोहुनुपर्ने र नोटरी पब्लिकबाट अनिवार्यरुपमा प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

१६. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूकोहकमा सार्वजनिक खरिद ऐन २०६३(संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ । बिस्तृत जानकारीको लागी पालुङटार नगरपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| क.सं | सुचना नं | विवरण | लागत अनुमान मु.अ.कर वाहेक | धरौटी रकम | वोलपत्र फारम खरिद दस्तुर,फिर्ता नहुने गरी |
|---|---|---|---|---|---|
| १ | १/Edu/२०७६।०७७ | सेनिटरी प्याड खरिद | २१३०९७३।०० | ६३९३०।०० | ३०००।०० |

प्रमुख प्रशासकिय अधिकृत